नेपाल सरकार

# गृह मन्त्रालय

## शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१/४/९)

आर्थिक वर्ष ०७१/०७२ को लागि यस मन्त्रालयलाई आवश्यक सामान तथा सेवाहरु बोलपत्र/दरभाउपत्रद्वारा आपूर्ति गर्नुपर्ने हुँदा इजाजत प्राप्त कम्पनी वा निर्माता कम्पनीका अधिकृत प्रतिनि विक्रेताहरूबाट के कति दरमा आपूर्ति गर्न सकिन्छ सम्पूर्ण व्यहोरा खोली देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टा छुट्टै गोप्य शिलवन्दी बोलपत्र/दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ।

### बोलपत्र/दरभाउपत्र सम्वन्धी शर्तहरु

१. बोलपत्र/दरभाउपत्र फाराम फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र, आ.व. ०६९।७० सम्मको कर चुक्ता प्रमाणपत्र, खानेपानी आपूर्तिको हकमा उद्योगको अनुज्ञापत्र साथै राखि तपसिल बमोजिमको बोलपत्र/दरभाउपत्र दस्तुर बुझाई तपसिलमा तोकिएका स्थानबाट प्राप्त गर्न सकिने छ।

२. बोलपत्र/दरभाउपत्रदाताले फाराम साथ सि.नं. १ मा उल्लिखित कागजातहरुको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ। खानेपानी आपूर्तिको सम्वन्धमा ISO2001-2008 Certificate समेत संलग्न हुनुपर्ने छ।

३. देहाय अनुसारको बोलपत्र/दरभाउपत्र जमानत वापतको रकम फारामसाथ स्वीकृतप्राप्त वाणिज्य बैंकबाट बोलपत्रको हकमा कम्तीमा १२० दिन र दरभाउपत्रको हकमा कम्तीमा ९० दिन म्याद भएको शर्तरहि जमानी पत्र (विड वण्ड) वा को.ले.नि.का.काठमाडौं, भुक्तानी केन्द्र नं. ४ को सिंहदरवारस्थित एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

४. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस मन्त्रालयमा बोलपत्र/दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्ने छैन। खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

५. बोलपत्र/दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु फाराममा उल्लेख गरिए वमोजिम हुनेछन्।

६. सो सम्बन्धी अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून अनुसार हुनेछ।

७. अन्य थप केही कुराहरु बुझ्न परेमा यस मन्त्रालयको आन्तरिक व्यवस्था "क" शाखामा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिनेछ।

| प्याकेज नं. | विवरण | बोलपत्र/दरभाउपत्र | फाराम दस्तुर रू. (सम्वन्धित कार्यालयको आ.प्र.शाखा बाट) फिर्ता नहुने | फाराम पाइने स्थान (कार्यालय समयमा) | बोलपत्र जमानत वापतको रकम | फाराम उपलब्ध हुने मिति | फाराम दर्ता गर्न सकिने स्थान, मिति र समय | खोल्ने ... र स... |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामान आपूर्ति | बोलपत्र | १०००।- (एक हजार) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा वा अध्यागमन विभाग | १२७०००।- | सूचना प्रकाशन भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय, सूचना प्रकाशन भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाश... मितिले ३१औं... २:०० बजे |
| २. | कम्प्युटरका सामग्री तथा टोनर कार्टेज आपूर्ति | बोलपत्र | १०००।- (एक हजार) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा वा अध्यागमन विभाग | ७००००।- | सूचना प्रकाशन भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाश... मितिले ३१औं... २:०० बजे |
| ३. | पिउने पानी आपूर्ति | दरभाउपत्र | ३००।-(तीन सय) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा | २५०००।- | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाश... मितिले १६... २:०० बजे |
| ४. | छपाई गर्न आवश्यक पर्ने सामानहरु | दरभाउपत्र | ३००।-(तीन सय) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा | २८३००।- | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाश... मितिले १६... २:०० बजे |
| ५. | नेपाली नागरिकताको प्रमाणपत्रमा प्रयोग हुने सुरक्षा चिन्ह (Hologram), छपाई | दरभाउपत्र | ३००।-(तीन सय) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा | २४०००।- | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाश... मितिले १६... २:०० बजे |

शाखा अधिकृत